## बैठक संख्याः ३३

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०७७।१२।१९ गते बिहीबार दिनको १:०० बजे बसेको बैठकका निर्णयहरुः-

१. नेपालको सुदूरपश्चिम प्रदेश अन्तर्गत दार्चुला जिल्लाको सदरमुकाम खलंगामा पर्ने महाकाली नदीमा विगतमा आएको बाढीको कारण नेपालतर्फ रहेका केही सरकारी कार्यालय बग्नुका साथै ती कार्यालय समेत रहेको नेपाली भूभाग महाकाली नदीको पारी (सदरमुकामबाट पश्चिम) तर्फ पर्न गएको भन्ने जानकारीमा आएको छ। त्यसरी महाकाली नदीको बाढी र धार परिवर्तनका कारण नदीको पश्चिमतर्फ पर्नगएको भूभागमा हालै भारतले एकतर्फीरुपमा तटबन्ध निर्माण गरेको भन्ने कुरा सार्वजनिक भएको छ । नेपालको भौगोलिक अखण्डतासँग गाँसिएको यस्तो अति संवेदनशील बिषयमा हालसम्म नेपाल सरकारको तर्फबाट कुनै औपचारिक धारणा नआएकोले यस सम्बन्धमा के भएको हो त्यसबारेको यथार्थ तथ्य, सत्य यस समितिमा यथाशीघ्र पेश गर्न र उक्त निर्माण सम्बन्धमा भारत सरकारसँग अबिलम्ब वार्ता गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

२. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गरियो ।